विशेष अदालत
काठमाण्डौ
२०५९

# सूचना ! सूचना !! सूचना !!!

कोरोना संक्रमणको कारण नेपाल सरकारबाट निर्णय भएको बन्दाबन्दीको अवधिमा सर्वोच्च अदालतको निर्देशानुसार म्याद थप, आरोपपत्रहरु दर्ता गर्ने, आरोपपत्र साथ उपस्थित प्रतिवादीहरुको बयान तथा थुनछेक लगायतका कार्यहरु गर्दै आइरहेकोमा मिति २०७७।०३।०१ गते देखि बन्दाबन्दीको स्वरुप परिवर्तन भएकोले सम्मानित श्री सर्वोच्च अदालतबाट विभिन्न मितिमा भएको फूलकोर्टको निर्णय तथा वृहत पूर्ण इजलासको फैसला समेतका आधारमा भएका परिपत्र अनुसार हुने गरी आगामि दिनहरुमा पूर्ण बन्दाबन्दीको समयमा भएको सेवा प्रवाहलाई यथावत राखी तपसिल बमोजिमका थप सेवा प्रवाह तथा काम कारबाहीहरु गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

१. फरार रहेका प्रतिवादीले निवेदन साथ हाजिर हुन आएमा हाजिर गराई बयान तथा थुनछेकको सुनुवाई गर्ने ।
२. मुद्दाका प्रतिवादीले आफ्नो मुद्दा सुनुवाई होस् भनी निवेदन दिए त्यस्ता मुद्दाहरु प्रकृया पूरा गरी सुनुवाई कार्य हुने ।
३. रजिष्ट्रारको आदेश उपरको सुनुवाई गर्ने ।
४. धरौटी फिर्ता लगायतका कार्य गर्ने ।

निवेदनसाथ हाजिर हुन आउने फरारी प्रतिवादीले कोरोना परीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ।

२०७७।०३।०३
..................
(निर्मला पौडेल)
रजिष्ट्रार
विशेष अदालत बबरमहल काठमाडौं